# *विमानस्थल दस्तूर नियमावली, २०३८

| | |
|---|---|
| | नेपाल राजपत्रमा प्रकाशित मिति |
| | २०३८।५।१ |
| पहिलो संशोधन, २०४३ | २०४३।१०।१ |
| दोश्रो संशोधन, २०५७ | २०५७।११।१८ |
| तेश्रो संशोधन, २०५८ | २०५८।११।२० |
| चौथो संशोधन, २०६१ | २०६१।८।२८ |

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम विमानस्थल दस्तूर नियमावली, २०३८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) "विमानस्थलको प्रमुख" भन्नाले विमानस्थलको प्रमुखको हैसियतमा काम गर्नको लागि नेपाल सरकारबाट नियुक्त भएको कर्मचारी सम्झनु पर्छ ।

(ख) "सवारी साधन" भन्नाले मोटर, कार, बस, मिनी बस, ट्रक, लहरी, टेम्पो, मोटरसाइकल, स्कूटर आदिलाई सम्झनु पर्छ र सो शब्दले इन्धनको शक्तिले चल्ने अन्य सवारी साधनलाई समेत जनाउनेछ ।

३. अवतरण (लैण्डिङ्ग) दस्तूर : (१) नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा अन्तर्राष्ट्रिय वा आन्तरिक उडानको कुनै वायुयान अवतरण (लैण्डिङ्ग) गर्दा प्रत्येक अवतरणको लागि अनुसूची-१ मा तोकिए बमोजिमको अवतरण दस्तूर लाग्नेछ । तर हेलिकेप्टरको अवतरण दस्तूर अनुसूची-१ को दस्तूरको आधा मात्र हुनेछ ।

τतर त्यस्तो वायुयान चार्टर गरिएको भए सो दस्तूरमा २० प्रतिशत थप अवतरण दस्तूर लाग्नेछ ।

∪(१क) कुनै वायुयानको परीक्षण अवतरणको हकमा पहिलो पाँच अवतरणसम्मलाई एक अवतरण मात्र मानी अवतरण दस्तूर लगाइनेछ र पाँच अवतरणभन्दा बढीको प्रत्येक अवतरणमा उपनियम (१) बमोजिमकै दस्तूर लाग्नेछ ।

---

* दोस्रो संशोधनद्वारा "हवाई अड्डा" भन्ने शब्दको सट्टा "विमानस्थल" भनी रुपान्तर गरेको ।

द्रष्टव्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०५७।११।३० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार यो नियमावली बमोजिम श्री ५ को सरकारले उठाउँदै आएको दस्तुर, वहाल शुल्क आदि सोही मिति देखि नेपाल नागरिक उड्डयन प्राधिकरणले उठाउन पाउने गरी अधिकार सुम्पिएको ।

τ तेश्रो संशोधनद्वारा थप ।

∪ पहिलो संशोधनद्वारा थप ।

[ʋ](१ख) .....

स्पष्टिकरण : यस नियमावलीको प्रयोजनको लागि “रात्री अवतरण” भन्नाले सूर्यास्तपछि र सूर्योदय अघिको अवतरणलाई जनाउँछ ।

(२) अन्तर्राष्ट्रिय उडानको कुनै वायुयान गन्तव्य स्थानमा जान नसकी नेपाल अधिराज्यको कुनै सरकारी वा गैर सरकारी विमानस्थलमा अवतरण गरेमा अन्तर्राष्ट्रिय उडान वापतकै अवतरण दस्तूर लाग्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको लिखित स्वीकृति भएमा [⊃]....... कूटनैतिक सुविधा प्राप्त व्यक्तिको वायुयानको अवतरणमा कुनै दस्तूर लाग्ने छैन ।

४. विसान (पार्किङ्ग) दस्तूर : (१) नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा वायुयान विसान (पार्किङ्ग) गर्दा प्रत्येक विसानको लागि अनुसूची-२ मा तोकिए बमोजिमको विसान दस्तूर लाग्नेछ ।

[ʋ].....

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विसान दस्तूर लाग्ने छैन :-

(क) नेपाल सरकारको लिखित स्वीकृति भएका कुटनीतिक सुविधा प्राप्त वायुयान ।

(ख) जाँच वा निरीक्षण गर्नु पर्ने वा अन्य कुनै परिस्थितिबस सरकारी निगरानीमा राख्न आवश्यक ठहराई नेपाल सरकारले दिएको लिखित आदेश बमोजिम विसान गरिएको वायुयान ।

(ग) [⊇]तीन घण्टासम्म मात्र विसान गरिएको वायुयान ।

(३) विमानस्थलमा वायुयान विसान गरिएकोमा [⊇]तीन घण्टा भन्दा बढी समय विसान गरिएको भए [♦]तीन घण्टासम्मलाई एक पटक कायम गरी विसान दस्तूर लिइनेछ ।

[τ](४) कुनै वायुयानले उपनियम (३) मा तोकिएको समयभन्दा बढी वायुयान विसान गरेमा पहिलो तीन घण्टासम्मको लागि सोही उपनियम बमोजिमको दस्तूर र त्यसपछिको प्रत्येक तीन घण्टासम्मको लागि एक पटक वायुयान विसान गरेको मानी त्यस्तो दस्तूरको पच्चीस प्रतिशतका दरले विसान दस्तूर लाग्नेछ ।

---

[ʋ] तेश्रो संशोधनद्वारा खारेज ।

[⊃] पहिलो संशोधनद्वारा झिकिएको ।

[⊇] पहिलो संशोधनद्वारा संशोधित ।

[♦] दोश्रो संशोधनद्वारा संशोधित ।

[τ] तेश्रो संशोधनद्वारा थप ।

[Ґ](५) एक विमानस्थलमा रात्री विसान (बेस) गर्न स्वीकृत प्राप्त वायुयानले अर्को विमानस्थलमा रात्री विसान गरेमा पहिलो तीन घण्टासम्मको लागि उपनियम (१) बमोजिमको दस्तूर र त्यसपछिको प्रत्येक तीन घण्टालाई एक पटक वायुयान विसान गरेको मानी त्यस्तो दस्तूरको पचास प्रतिशत विसान दस्तूर लाग्नेछ ।

तर कुनै विमानस्थलमा रात्री विसान दस्तूर नलाग्ने गरी व्यवस्था गर्न सकिनेछ ।

[♦]४क. भूमिस्थ प्रबन्ध सुविधा दस्तूर : (१) कुनै वायुयानलाई नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा भूमिस्थ प्रबन्ध सुविधा प्रयोग गरेमा सम्बन्धित वायुसेवासंग वार्ता गरी वार्ताद्वारा निश्चित भएको रकम भूमिस्थ प्रबन्ध सुविधा दस्तूर लिइने छ ।

तर नेपाल सरकारको लिखित स्वीकृति भएको कूटनैतिक सुविधा प्राप्त वायुयानलाई भूमिस्थ प्रबन्ध सुविधा दस्तूर लाग्नेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले अन्तर्राष्ट्रिय बोलपत्र माग गरी भूमिस्थ प्रबन्ध सुविधा उपलब्ध गराउने जिम्मा करारद्वारा कुनै व्यक्तिलाई दिन सक्नेछ । त्यसरी जिम्मा लिने व्यक्तिले सो प्रयोजनको लागि नेपाल सरकारसंग भएको करार बमोजिमको रोयल्टी रकम नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भूमिस्थ प्रबन्ध सुविधा जिम्मा लिने व्यक्तिले वायुयान भूमिस्थ सुविधा दस्तूर लिने सम्बन्धमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५. गृह आश्रय (हाउसिङ्ग) दस्तूर : गृह आश्रम (हाउसिङ्ग) को सुविधा भएको विमानस्थलमा हैगर वा यस्तै अन्य प्रकारको आश्रयमा चौबीस घण्टा वा सो भन्दा घटी जतिसुकै समयको लागि वायुयान आश्रय गरेपनि त्यसलाई एक पटक गरी प्रत्येक पटकको लागि अनुसूची-३ मा तोकिए बमोजिमको गृह आश्रय दस्तूर लाग्नेछ ।

[♦]६. सञ्चार तथा उड्डयन सहाय सुविधा दस्तूर : नेपाल अधिराज्यको भू-भागमाथि उडान गर्ने वायुयानले सञ्चार तथा उड्डयन सहायक सुविधा प्रयोग गरेमा पटकैपिच्छे अनुसूचि-४ मा तोकिए बमोजिम सञ्चार तथा उड्डयन सहायक सुविधा दस्तूर बुझाउनु पर्नेछ । [ϖ]कुनै वायुयानले रात्री उडानमा त्यस्तो सुविधा प्रयोग गरेमा सो दस्तूरको बीस प्रतिशत थप दस्तूर बुझाउनु पर्नेछ ।

तर नेपाल सरकारको लिखित स्वीकृति भएको कूटनैतिक सुविधा प्राप्त वायुयानलाई त्यस्तो सुविधा दस्तूर लाग्नेछैन ।

---

[Ґ] तेश्रो संशोधन नियमावलीद्वारा थप ।
[♦] विमानस्थल दस्तूर (दोश्रो संशोधन) नियमावली, २०५७ द्वारा संशोधित ।
[ϖ] तोस्रो संशोधनद्वारा संशोधित ।

७. तेल दस्तूर : नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा वायुयानको लागि तेल विक्री गर्दा तेल विक्रेतालाई विक्री भएको तेलको ♦मूल्यमा शुन्य दशमलव तीन प्रतिशतका दरले तेल दस्तूर लाग्नेछ ।

८. मालसामान (कार्गो) दस्तूर : (१) विदेशबाट वायुयानद्वारा नेपाल अधिराज्यमा आयात हुने मालसामानमा प्रति किलोग्रामको ♦पचास पैसाको दरले मालसामान दस्तूर लाग्नेछ ।

♣(१क) आन्तरिक उडानद्वारा ढुवानी हुने मालसामानमा प्रति किलोग्रामको तीस पैसाका दरले मालसामान दस्तूर लाग्नेछ ।

स्पष्टीकरण :- यस उपनियमको प्रयोजनको लागि आन्तरिक उडान भन्नाले हेलिकेप्टरसेवा समेतलाई जनाउँछ ।

(२) मालसामान दस्तूर मालसामान ल्याउने सम्बन्धित वायुसेवा (एअरलाइन) ले तिर्नु पर्नेछ ।

(३) मालसामानको तौल गर्दा एक किलो भन्दा कम चानचुन तौल आएमा त्यसको पनि एक किलोग्राम कै हिसाव गरी दस्तूर लगाइनेछ ।

#८.क. मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर : (१) विमानस्थल क्षेत्र भित्र मालसामानको प्रबन्ध गरे वापत अनुसूची - ४क. मा तोकिए बमोजिमको मालसामान प्रबन्ध सेवा दस्तुर लाग्नेछ ।

(२) नेपाल सरकारले राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा बोलपत्र माग गरी उपनियम (१) बमोजिमको मालसामान प्रबन्ध सेवा दस्तुर उठाउने जिम्मा निश्चित अबधिको लागि करारद्वारा कुनै ब्यक्तिलाई दिन सक्नेछ । त्यसरी दस्तुर उठाउन जिम्मा दिइएको ब्यक्तिले नेपाल सरकारसँग भएको करार बमोजिमको रकम नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

९. सवारी साधन विसान (पार्किङ्ग) दस्तूर : ⊇(१) नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा विमानस्थलको प्रमुखले तोकेका विसान (पार्किङ्ग) क्षेत्रमा मात्र सवारी साधन विसान गर्नु पर्नेछ र त्यसरी विसान गरे वापत पटकै पिच्छे अनुसूची-५ मा तोकिए बमोजिमको विसान दस्तूर लाग्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सवारी साधनहरूमा विसान दस्तूर लाग्नेछैन :-

(क) नेपाल सरकारको सवारी साधन,
(ख) रेडक्रसको सवारी साधनहरू,
(ग) वारुणयन्त्र र यस्तै उद्दार कार्यमा प्रयोग गरिने सवारी साधनहरू,

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।
♣ दोश्रो संशोधनद्वारा थप ।
# चौथो संशोधनद्वारा थप ।
⊇ पहिलो संशोधनद्वारा संशोधित ।

(घ) विमानस्थलको प्रमुखले विसान दस्तूर नलाग्ने गरी लिखित आदेश दिएका सवारी साधनहरू ।

(३) अनुसूची-५ मा विसान दस्तूरको जुनसुकै दर तोकिएको भए तापनि विमानस्थलको इलाकाभित्रको विसान क्षेत्रमा नियमित रूपमा विसान गर्ने सवारी साधनको लागि कसैले मासिक दरले विसान दस्तूर बुझाउन चाहेमा प्रत्येक सवारी साधनमा तीस दिनको लागि लाग्ने जम्मा दस्तूरको दुई तिहाई मात्र मासिक विसान दस्तूर लाग्नेछ ।

तर मासिक दरले बुझाउनु पर्ने विसान दस्तूर महिना शुरु हुनु अगाडि नै अग्रिम रूपमा बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम तोकेको विसान क्षेत्रमा विमानस्थलको प्रमुखले कुनै सवारी साधनलाई विसान गर्न नदिन वा विसान गरेको कुनै सवारी साधनलाई उक्त क्षेत्रबाट हटाउन आदेश दिन सक्नेछ ।

१०. प्रवेश शुल्क : ♦(१) यात्रु बाहेक अन्य व्यक्तिले विमानस्थल भवनभित्र प्रवेश गर्दा वा विमानस्थलको प्रमुखले तोकेको विमास्थल क्षेत्रभित्र कुनै सवारी प्रवेश गराउँदा अनुसूची-५क. मा तोकिए बमोजिमको दस्तूर लाग्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरूलाई प्रवेश शुल्क लाग्नेछैन :-

(क) नेपाल सरकार तथा ⊇विमानस्थलको कार्यालयका कर्मचारीहरू ।

(ख) दुई वर्षसम्मको बालक ।

(ग) विमानस्थल क्षेत्रको कामसंग सम्बन्धित संस्थान, वायुसेवा र अन्य कार्यालयका कर्मचारी तथा व्यक्तिहरू ।

(घ) विमानस्थलको प्रमुखले प्रवेश शुल्क नलाग्ने व्यवस्था गरेका व्यक्तिहरू ।

◡१०क. सामान्य महत्वको कक्ष (सी.आइ.पी. रूम) प्रयोग शुल्क : अन्तर्राष्ट्रिय विमानस्थलस्थित सामान्य महत्वको कक्ष (सी.आइ.पी.रूम) विमानस्थल प्रमुखको स्वीकृतिबाट प्रतिघण्टा प्रतिव्यक्ति दुई सय रूपैयाँका दरले प्रयोग शुल्क लिई प्रयोग गर्न दिइनेछ ।

तर नेपाल सरकारको लिखित स्वीकृति भएमा कुनै प्रतिष्ठित व्यक्तिको हकमा सामान्य महत्वका कक्ष प्रयोग शुल्क लाग्नेछैन ।

◡१०ख. चलचित्र आदि खिचे वापत लाग्ने शुल्क : (१) अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका विमानस्थल प्रमुखको लिखित स्वीकृती लिएर मात्र विमानस्थल प्रमुखले तोकिदिएको क्षेत्रमा चलचित्र, भिडियो चलचित्र (भिडियो फिल्म) इत्यादि खिच्न पाइने छ ।

तर विमानस्थल प्रमुखले यसरी क्षेत्र तोक्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

⊇ पहिलो संशोधनद्वारा संशोधित ।

◡ पहिलो संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम चलचित्र, भिडियो चलचित्र इत्यादि खिच्दा अनुसूची-५ख. बमोजिमको दस्तूर लाग्नेछ ।

११. भवन तथा कोठा बहाल : नेपाल अधिराज्यको कुनै सरकारी विमानस्थलको इलाकाभित्रको भवन वा भवनको कुनै भाग वा कोठा बहालमा दिंदा अनुसूची-६ मा तोकिए बमोजिमको बहाल लाग्नेछ ।

◡तर अनुसूची-६ मा तोकिएको रकमभन्दा कम नहुने गरी ठेक्कापट्टाद्वारा प्रयोग गर्न दिएको भवन वा कोठाको हकमा ठेक्कापट्टाद्वारा निर्धारण गरिएको दस्तूर नै असूल उपर गरिनेछ ।

ꝏ१२. वायुयान आश्रय गृह बहालमा सञ्चालन गर्न दिन सकिने : (१) वायुयान आश्रय गृह कुनै ब्यक्तिलाई बहालमा सञ्चालन गर्न दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम वायुयान आश्रय गृह सञ्चालन गर्न बोलपत्र आह्वान गरी दिइनेछ । त्यसरी सञ्चालन गर्न दिंदा बहाल रकम प्रति महिना प्रति बर्ग मिटर दुई सय रुपैयाँभन्दा कम हुनेछैन ।

१३. जग्गा बहाल : ♦(१) विमानस्थल क्षेत्रभित्रको जग्गा कसैलाई बहालमा दिंदा अनुसूची ६क.मा तोकिए बमोजिमको जग्गा बहाल लाग्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा बहालमा लिनेले त्यस्तो जग्गामा कुनै घर, भवन, गोदाम वा अन्य कुराको निर्माण गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ र यसरी स्वीकृति दिंदा नेपाल सरकारले आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

१४. मर्मत तथा संभार : यस नियमावली बमोजिम भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा आदि बहालमा लिने व्यक्तिले त्यस्तो भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा वा सो जग्गामा बनेको घर, भवन र गोदामको मर्मत तथा संभार ◡गर्दा विमानस्थल प्रमुखले मनासिव माफिकको कारण देखाई निर्धारण गरिदिएको स्तर बमोजिम आफैले गर्नु पर्नेछ ।

१५. विज्ञापनको लागि दस्तूर : ⊇नेपाल अधिराज्यको सरकारी विमानस्थलको इलाकाभित्रको भवनभित्र वा बाहिर विज्ञापनको लागि कसैलाई ठाउँ दिंदा अनुसूची-७ मा तोकिए बमोजिमको दस्तूर लाग्नेछ ।

♣१५क. विविध दस्तूर : (१) विमानस्थलमा यात्रु सुविधा, सुरक्षा, अग्नि निवारण वा जिवनोद्धार सेवा उपयोग गरे वापत अनुसूची-८ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

(२) विमानस्थलमा क्याटयरिङ्ग, यात्रु परिवहन, विद्युत वा टेलिफोन सेवा उपलब्ध गराए वापत अनुसूची-९ मा तोकिए बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

१६. दस्तूरको लागि तौल कायम गर्ने : (१) यस नियमावलीको प्रयोजनको लागि वायुयानको अवतरण, विसान, गृह आश्रय तथा उड्डयन सहाय सुविधा आदिको दस्तूरको सम्बन्धमा

---

◡ पहिलो संशोधनद्वारा थप ।

ꝏ तेस्रो संशोधनद्वारा संशोधित ।

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

⊇ पहिलो संशोधनद्वारा संशोधित ।

♣ दोश्रो संशोधनद्वारा थप ।

कुनै वायुयानको तौल कायम गर्दा त्यस्तो वायुयानको उडान उपयुक्तताको प्रमाणपत्र (सर्टिफिकेट अफ एअर वर्दिनेश) मा उडान गर्न अनुमति प्राप्त अधिकतम तौल (परमिसिवल टेक अफ वेट) आधारमा कायम गरिनेछ ।

तर कुनै विमानस्थलको सम्बन्धमा कुनै वायुयानमा हवाई विभागले तौलको हद तोकेको भए त्यस्तो वायुयानको हकमा सोही बमोजिमको तौल कायम गरिनेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानको तौल कायम गर्दा दस्तूरको प्रयोजनको लागि एक हजार किलोग्रामभन्दा कमको चानचुन तौल (फ्राक्सन वेट) लाई एक हजार किलोग्राम सरह नै हिसाव गरिनेछ ।

१७. दस्तूर तथा बहाल असूल गर्ने सम्बन्धी व्यवस्था : (१) यस नियमावली बमोजिमको दस्तूर तथा बहाल सम्बन्धित विमानस्थलको प्रमुखले असूल गर्नु गराउनु पर्नेछ र निजले तत्सम्बन्धी मासिक प्रतिवेदन नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(२) नेपाल अधिराज्यको सरकारी वा गैर सरकारी विमानस्थलमा लाग्ने अवतरण विसान गृह आश्रय उड्डयन सहाय सुविधा मालसामान र तेल दस्तूर तत्कालै बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रूपमा सञ्चालित कुनै वायुयानको हकमा भने त्यस्तो दस्तूर महिना महिनामा एकै पटक हिसाव गरी एकमुष्ट बुझाउन सकिने गरी नेपाल सरकारले [◡]वा विमानस्थल प्रमुखले लिखित रूपमा सहुलियत दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम सहुलियत प्राप्त वायुसेवाले आफूले बुझाउन पर्ने दस्तूर बील प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र बुझाउनु पर्नेछ । त्यस्तो वायुसेवाले म्याद भित्र दस्तुर नबुझाएमा म्याद नाघेको पन्ध्र दिनसम्म दश प्रतिशत, पैतिस दिनसम्म पन्ध्र प्रतिशत र सत्तरी दिनसम्म बीस प्रतिशतका दरले थप बिलम्व दस्तुर लाग्नेछ ।

(४.क.) उपनियम (४) बमोजिम बील प्राप्त भएको सात दिनभित्र बील बमोजिमको दस्तुर बुझाउने वायुसेवाले त्यस्तो बील रकमको दुई प्रतिशत छुट पाउनेछ ।

(५) कोठा, जग्गा र वायुयान आश्रय गृह बहाल तथा विज्ञापन दस्तूर आदि प्रत्येक वर्षको अग्रिम भुक्तानी दिनु पर्नेछ ।

[ω]१८. उडानमा रोक लगाउन सकिने : (१) नियम १७ को उपनियम (४) बमोजिमको म्यादभित्र कुनै वायुसेवाले दस्तूर नबुझाएमा विमानस्थलको प्रमुखले त्यस्तो वायुसेवाको वायुयानको उडानमा रोक लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानको उडानमा रोक लगाएमा विमानस्थलको प्रमुखले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ ।

१९. अरूलाई प्रयोग गर्न दिन नहुने : यो नियमावली बमोजिम कसैले दस्तूर वा बहाल तिर्ने गरी लिएको भवन, कोठा, वायुयान आश्रय गृह र जग्गा तथा सो जग्गामा बनेको घर, भवन वा गोदाम अरुलाई प्रयोग गर्न दिन पाइनेछैन ।

---

[◡] पहिलो संशोधनद्वारा थप ।

[ω] तेस्रो संशोधनद्वारा संशोधित ।

[г]१९क.छुट दिन सक्ने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित समयावधिको लागि यस नियमावली बमोजिम लाग्ने अवतरण वा सञ्चार तथा उड्डयन सहाय सुविधा दस्तुरमा आंशिक छुट दिन सक्नेछ ।

[#]तर खोजतलास तथा उद्वार कार्यमा संलग्न वायुयानलाई यस नियमावली बमोजिम लाग्ने कुनै वा सवै दस्तुर छुट दिन सकिनेछ ।

२०. यो नियमावली प्रारम्भ हुनुभन्दा अघि बहालमा दिइएको भवन, कोठा र जग्गाको सम्बन्धमा : यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि विमानस्थलको इलाकाभित्रको कुनै भवन, कोठा वा जग्गा जुन दरमा जति अवधिको लागि वहालमा दिइएको छ सो अवधिसम्म सोही दरमा बहाल लिइने छ र सो अवधि समाप्त भएपछि यस नियमावलीमा तोकिएको दर बमोजिमको बहाल लिइनेछ ।

२१. अनुसूचीमा संशोधन : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचमिा संशोधन गर्न सक्नेछ ।

२२. खारेजी : वायुयान अवतरण, विसान र गृह आश्रय (लैण्डिङ्ग, पार्किङ्ग, हाउसिङ्ग) दस्तूर नियमावली, २०२८ खारेज गरिएको छ ।

रुपान्तर : हवाई अड्डा दस्तुर (दोस्रो संशोधन) नियमावली, २०५७ द्वारा रुपान्तर भएका शब्दहरू :

मूल नियमावलीको ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छ,

(क) “हवाई अड्डा” भन्ने शब्दहरूको सट्टा “विमानस्थल”

(ख) “हवाई विभाग” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार”

---

[г] तेश्रो संशोधन नियमावलीद्वारा थप ।

[#] चौथो संशोधनद्वारा थप ।

## ♦अनुसूची-१
(नियम ३ उपनियम (१) संग सम्बन्धित)

### अवतरण दस्तूर

१. अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक डलर पच्चीस सेण्टको दरले । |
| (२) | दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको बाह्र डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुईडलर पचास सेण्टको दरले । |
| (३) | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको उनन्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर पचहत्तर सेण्टको दरले । |
| (४) | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको एक सय चालीस डलर पचास सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको छ डलरको दरले । |
| (५) | पचहत्तर हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचहत्तर हजार किलोग्रामको दुई सय त्रियान्नब्बे डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात डलर पैंतीस सेण्टको दरले |
| (६) | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार सय पचहत्तर डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ डलर पचपन्न सेण्टको दरले |

२. आन्तरिक उडानका विमानस्थलमा

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रति एक हजार किलोग्रामको पचपन्न रूपैयाँको दरले । |
| (२) | दश हजार किलोग्रामभन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको पाँच सय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय दश रूपैयाँको दरले । |
| (३) | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्रामको दुई हजार दुई सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय पैसठ्ठी रूपैयाँको दरले । |
| (४) | पचास हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो पचास हजार किलोग्रामसम्मको छ हजार तीन सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुईसय बीस रूपैयाँको दरले । |

(ख) भद्रपुर, विराटनगर, सिमरा, भैरहवा (गौतमबुद्ध विमानस्थल), नेपालगंज, लुक्ला, जोमसोम र मैघौली विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको चालीस रूपैयाँको दरले । |

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| (२) | दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको चार सय पैंतीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको असी रूपैयाँको दरले । |
| (३) | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको एक हजार दुई सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय बीस रूपैयाँको दरले । |

#(ग) जनकपुर, भरतपुर, सुर्खेत, धनगढी र महेन्द्रनगर विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको तीस रूपैयाँको दरले । |
| (२) | दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको तीन सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रूपैयाँको दरले । |
| (३) | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको नौ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको नव्वे रूपैयाँको दरले । |

(घ) ताप्लेजुङ्ग, लामिडाँडा, तुम्लिङ्गटार, डोल्पा, जुम्ला र सिमिकोट विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको पच्चीस रूपैयाँको दरले । |
| (२) | दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको दुई सय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचास रूपैयाँको दरले । |
| (३) | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको सात सय पचास रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रूपैयाँको दरले । |

(ङ) अन्य विमानस्थलहरूमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको बीस रूपैयाँको दरले । |
| (२) | दश हजार किलोग्रामभन्दा बढी बीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्रामको दुई सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चालीस रूपैयाँको दरले । |
| (३) | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्रामको छ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रूपैयाँको दरले । |

द्रष्टव्य :- नेपाली रूपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित दस्तूर सो उडान भएको दिनको लागि नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमय दर अनुसार नेपाली रूपैयाँमा बुझाउन सकिनेछ ।

---

# चौथो संशोधनद्वारा थप ।

## ♦अनुसूची-२

(नियम ४ को उपनियम (१) संग सम्बन्धित

### वायुयान विसान दस्तूर

१. अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | पचास हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक डलरका दरले । |
| (२) | पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको उनन्पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पाँच सेण्टको दरले । |
| (३) | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको एक सय बाईस डलर पच्चीस सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पंचान्नब्बे सेण्टको दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | चालीस हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको सैंत्तीस रूपैयाँ पचास पैसाको दरले । |
| (२) | चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पन्ध्रसय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौवन्न रूपैयाँको दरले । |
| (३) | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार हजार सात सय चालीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रूपैयाको दरले । |

द्रष्टव्य : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १ मा उल्लेखित रकम बराबर नेपाली रूपैयाँमा लिइनेछ ।

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

अनुसूची-२क.
↔
.....

♦अनुसूची-३
(नियम ५ संग सम्बन्धित)

<u>गृह आश्रय दस्तूर</u>

१. <u>अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा</u>

| क्र.सं. | वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | पचास हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको दुई डलर पच्चीस सेण्टका दरले । |
| (२) | पचास हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको एक सय बाह्र डलर पचास सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर चालीस सेण्टको दरले । |
| (३) | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको दुई सय बयासी डलर पचास सेण्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चार डलर पैंतालीस सेण्टको दरले । |

२. <u>आन्तरिक उडानका विमानस्थलमा</u>

| | | |
|---|---|---|
| (१) | चालीस हजार किलोग्रामसम्म | प्रतिहजार किलोग्रामको एक सय पचास रूपैयाँको दरले । |
| (२) | चालीस हजार किलोग्रामभन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो चालीस हजार किलोग्रामको पाँच हजार नौ सय चालीस रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय सोह्र रूपैयाँको दरले । |
| (३) | एक लाख किलोग्रामभन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको अठार हजार नौ सय रूपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय सन्तानब्बे रूपैयाको दरले । |

द्रष्टव्य : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १ मा उल्लेखित रकम बराबर नेपाली रूपैयाँमा लिइनेछ ।

---

↔ दोश्रो संशोधनद्वारा खारेज ।
♦ दोश्रो संशोधनद्वारा संशोधित ।

♦अनुसूची-४
(नियम ६ संग सम्बन्धित)

## सन्चार तथा उड्डयन सहाय सुविधा दस्तूर

१. अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तूर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | पच्चीस हजार किलोग्रामसम्म | पैंतालीस डलर नब्बे सेण्टका दरले । |
| (२) | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | छयहत्तर डलर पचास सेण्टका दरले । |
| (३) | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | एक सय बाउन्न डलर पचहत्तर सेण्टका दरले । |
| (४) | पचहत्तर हजार किलोग्रामभन्दा बढी तौलको लागि | तीन सय पाँच डलर पचास सेण्टका दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा

(१) त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा अनुसूची-१ बमोजिमको अवतरण दस्तूरको चालीस प्रतिशतका दरले संचार तथा उड्डयन सहाय सुविधा दस्तूर लाग्नेछ ।

(२) कन्ट्रोल जोन भएका विमानस्थलमा अनुसूची-१ बमोजिमको अवतरण दस्तूरको पच्चीस प्रतिशतका दरले संचार तथा उड्डयन सहाय सुविधा दस्तूर लाग्नेछ ।

(३) उपखण्ड (१) र (२) बाहेकका विमानस्थलमा अनुसूची-१ बमोजिमको अवतरण दस्तूरका पन्ध्र प्रतिशतका दरले संचार तथा उड्डयन सहाय सुविधा दस्तूर लाग्नेछ ।

द्रष्टव्य :

(१) अन्तर्राष्ट्रिय उडान तर्फ ओभर फ्लाइङ्ग सुविधा उपलब्ध गराए वापत खण्ड १ मा उल्लिखित दरले उडान दस्तूर लाग्नेछ ।

(२) एउटा हेलिप्याडबाट अर्को हेलिप्याडसम्म उडान गर्ने हेलिकप्टरलाई संचार तथा उड्डयन सहाय सुविधा उपलब्ध गराए वापत अनुसूची-१ बमोजिमको अवतरण दस्तूरको चालीस प्रतिशत दस्तूर लाग्नेछ ।

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

# [#]अनुसूची - ४क.

(नियम ८क.सँग सम्बन्धित)

**मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर**

(क) अन्तर्राष्ट्रिय तर्फ :

| मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|
| १. साधारण | प्रति के.जी. दुई रुपैयाँ पचासी पैसा वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. पाँच रुपैयाँ पैतीस पैसा वा एकसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । |
| २. बहुमूल्य | प्रति के.जी. तीन रुपैयाँ वा तीनसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. आठ रुपैयाँ वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । |
| ३. नाशवान | प्रति के.जी. तीन रुपैयाँ वा तीनसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. आठ रुपैयाँ वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । |
| ४. खतराजन्य | प्रति के.जी.छ रुपैयाँ वा छ सय रुपैयाँ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. सोह्र रुपैयाँ वा चारसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । |
| ५. एक्सप्रेस कुरियर ब्याग/एक्सप्रेस कुरियर पार्सल/एक्सप्रेस कार्गो | प्रति के.जी. पाँच रुपैयाँ वा एकसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. पाँच रुपैयाँ वा दुईसय रुपैयाँ मध्ये जुन बढी हुन्छ । |

६. जिवित जनावर आयात वा निर्यात गर्दा बहुमूल्य मालसामान आयात वा निर्यात गर्दा लाग्ने दस्तुरको दोब्बर रुपैयाँ ।

(ख) आन्तरिक तर्फ : त्रिभुवन विमानस्थलमा भए प्रति के.जी . एक रुपैंयाँ, विराटनगर, भैरहवा, पोखरा, नेपालगञ्ज, जनकपुर, भरतपुर, जोमसोम, लुक्ला र तराईका विमानस्थलमा भए प्रति के.जी. पचास पैसा र सो बाहेकका अन्य विमानस्थलमा भए प्रति के.जी. पच्चीस पैसा मालसामान प्रबन्ध सेवा दस्तुर लाग्नेछ ।

तर मृत शरीर र दैवी प्रकोपको मालसामान प्रबन्ध गरे बापत कुनै दस्तुर लाग्ने छैन ।

द्रष्टब्य :

(१) खण्ड (क) मा उल्लिखित मालसामानको वर्गीकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले मान्यता दिएको मालसामानको हवाई ढुवानीको महसुल सम्बन्धी नियमावली (एयर कार्गो ट्यारिफ रुल्स) बमोजिम हुनेछ ।

---

[#] चौथो संशोधनद्वारा थप ।

(२) प्यालेटाइजेशन तथा डि-प्यालेटाइजेशन गर्नु परेमा प्रतिटन पचास रुपैयाँ थप दस्तुर लाग्नेछ ।

(३) मालसामान धनीको अनुरोधमा कार्यालयको अतिरिक्त समय र बिदाको दिनमा मालसामान प्रबन्ध गर्नु परेमा प्रति पुलिन्दा (कन्साइनमेण्ट) दुईसय रुपैयाँ थप दस्तुर लाग्नेछ ।

(४) निर्यात गर्दा पहिलो चौबीस घण्टासम्मको लागि डिमरेज दस्तुर लाग्ने छैन । सो अबधिपछि तीस दिनसम्म प्रति के.जी. एक रुपैयाँ, एकतीसौं दिनदेखि साठी दिनसम्म प्रति के.जी. एक रुपैयाँ पचास पैसा र साठी दिनदेखि पछि जति सुकै दिन भएपनि प्रति के.जी. दुई रुपैयाँका दरले डिमरेज दस्तुर लाग्नेछ ।

(५) आयात गर्दा पाँच कार्य दिनसम्म डिमरेज दस्तुर लाग्ने छैन । सो अबधि पछि तीस दिनसम्म प्रति के.जी. दुई रुपैयाँ, एकतीसौ दिनदेखि साठी दिनसम्म प्रति के.जी. दुई रुपैयाँ पचास पैसा र साठी दिनदेखि पछि जति सुकै दिन भएपनि प्रति के.जी. चार रुपैयाँका दरले डिमरेज दस्तुर लाग्नेछ ।

तर छूट दिइएको अवधिभित्र मालसामान नलगेमा त्यस्तो मालसामान प्राप्त भएको मितिदेखि नै डिमरेज दस्तुर लाग्नेछ ।

(६) गोदामभित्र तौल गर्दा साविकमा देखाइएको भन्दा बढी तौल भएमा लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(७) विदेशबाट नेपालमा वा नेपालबाट विदेशमा मानव अवशेष ल्याउने लैजाने सिलसिलामा सोको प्रबन्ध गरे वापत कुनै दस्तुर लाग्ने छैन ।

## ♦अनुसूची-५

(नियम ९ को उपनियम (१) संग सम्बन्धित)

### सवारी साधन बिसान दस्तूर

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

| | सवारी साधन | दस्तूर |
|---|---|---|
| (१) | मोटर साइकल, स्कूटर, रिक्सा आदि | दुई रूपैयाँ प्रतिघण्टा |
| (२) | कार, जीप, टेम्पो | पाँच रूपैयाँ प्रतिघण्टा |
| (३) | लिमोजिन | सय रूपैयाँ प्रति दिन |
| (४) | बस | दुई सय रूपैयाँ प्रति दिन |
| (५) | हल्का सवारी साधन | एक हजार तीन सय रूपैयाँ प्रति महिना |
| (६) | गह्रौ सवारी साधन बस आदि | दुई हजार रूपैयाँ प्रति महिना |
| (७) | हल्का सवारी साधन | तीन हजार रूपैयाँ प्रति तीन महिना |
| (८) | गह्रौ सवारी साधन बस आदि | पाँच हजार रूपैया प्रति तीन महिना |

२. अन्य विमानस्थल

| क्र.स. | सवारी साधन | (प्रत्येक दुई घण्टाको लागि) |
|---|---|---|
| (१) | साइकल | एक रूपैयाँ पचास पैसा |
| (२) | मोटर साइकल, स्कुटर, रिक्सा | तीन रूपैयाँ |
| (३) | कार, जीप, टेम्पो, एक्का, गाडा | छ रूपैयाँ |
| (४) | बीस सिट भन्दा कम क्षमता भएको मिनी बस, बस वा बग्गी | पन्ध्र रूपैयाँ |
| (५) | बीस सिट भन्दा बढी क्षमता भएको मिनी बस, बस वा बग्गी | तीस रूपैयाँ |

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

## ♦अनुसूची-५क.
(नियम १० को उपनियम (१) संग सम्बन्धित)

## प्रवेश दस्तूर

१. यात्रु प्रवेश दस्तूर

(१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनभित्रको सार्वजनिक क्षेत्रमा प्रवेश गर्दा बीस रूपैयाँ ।

(२) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको सार्वजनिक क्षेत्रमा प्रवेश गर्दा दश रूपैयाँ ।

(३) अन्य विमानस्थल भवनको सार्वजनिक क्षेत्रमा प्रवेश गर्दा पाँच रूपैयाँ ।

(४) प्रत्येक दुई वर्षको लागि पाँच सय रूपैयाँ ।

तर प्रवेशपत्र हराई पुनः बनाउनु परेमा देहायको दस्तुर लाग्नेछ :-

| | | |
|---|---|---|
| (१) | दुई वर्षको लागि | एक हजार रूपैयाँ |
| (२) | एक वर्षको लागि | सात सय रूपैयाँ |
| (३) | छ महिनाको लागि | छ सय रूपैयाँ |

२. सवारी साधन प्रवेश दस्तूर (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल)

| | सवारी साधन | दस्तूर |
|---|---|---|
| (१) | हल्का सवारी साधन | दुई सय रूपैयाँ प्रति छ घण्टाका दरले |
| (२) | हल्का सवारी साधन | दुई हजार रूपैयाँ प्रति महिना |
| (३) | हल्का सवारी साधन | चार हजार रूपैयाँ प्रति तीन महिना |
| (४) | गह्रौ सवारी साधन बस आदि | पच्चीस सय रूपैयाँ प्रति महिना |
| (५) | गह्रौ सवारी साधन बस आदि | पचपन्न सय रूपैयाँ प्रति तीन महिना |

३. अन्य विमानस्थलमा यात्रु प्रवेशपत्र दस्तूर तथा सवारी साधन प्रवेश दस्तूर खण्ड १ र २ मा उल्लेख भएको दस्तूरको आधा दस्तूर लाग्नेछ ।

द्रष्टव्य :

(१) विमानस्थलमा खटिने कर्मचारी, सुरक्षा प्रहरी गार्ड तथा सैनिकलाई दस्तूर विना नै प्रवेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) खण्ड २ को उपखण्ड (१) मा उल्लिखित व्यक्तिहरू बाहेकका सरकारी, कूटनैतिक, गैर सरकारी संघ, संस्थाको हकमा पाँच सय रूपैयाँ प्रतिपास (स्थायी) दस्तूर लिई उपलब्ध गराउन सकिनेछ ।

(३) विमानस्थल कार्यालय र विमानस्थल सुरक्षा प्रहरी गार्ड कार्यालयका सवारी साधन र यन्त्र उपकरणको प्रवेश दस्तूर लाग्ने छैन ।

(४) विमानस्थलको तोकिएको क्षेत्रभित्र प्रयोग गरिने सवारी साधन कुनै वायुसेवा वा निकायबाट अर्को वायुसेवालाई भाडामा उपलब्ध गराउँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(५) खण्ड २ को उपखण्ड (४) बमोजिम विमानस्थलभित्र प्रयोग गरिने सवारी साधन एक निकायबाट अर्को निकायलाई भाडामा उपलब्ध गराउँदा लिइने भाडा रकमको पन्ध्र प्रतिशतले हुने रोयल्टी बुझाउनु पर्नेछ ।

---

♦ दोश्रो संशोधनद्वारा संशोधित ।

◆अनुसूची-५ख.

(नियम १०ख. को उपनियम (२) संग सम्बन्धित)

चलचित्र, भिडियो चलचित्र आदि खिचे वापतको दस्तूर

चलचित्र, भिडियो चलचित्र आदि खिचे वापत सम्बन्धित चलचित्र निर्मातासंग प्रत्येक ६ घण्टाको एक पटकको दरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रू. १०,०००।- र अन्य विमानस्थलहरूमा रू. ५,०००।- का दरले दस्तूर लिईनेछ ।

◆ दोश्रो संशोधनद्वारा संशोधित ।

## ϖअनुसूची-६
(नियम ११ संग सम्बन्धित)

<u>भवन तथा कोठा बहाल</u>

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा प्रति महिना प्रति वर्गमिटर नौ सय रूपैयाँ अन्तर्राष्ट्रिय अपरेशन/एअरलाइन्स बिल्डिङ्गमा प्रति महिना प्रति वर्गमिटर आठ सय रूपैयाँका दरले ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनमा प्रति महिना प्रति वर्गमिटर सातसय पचास रूपैयाँको दरले ।

३. पोखरा, नेपालगंज, विराटनगर, लुक्ला विमानस्थलहरूमा प्रति महिना प्रति वर्गमिटर चार सय रूपैयाँका दरले ।

४. भद्रपुर, जनकपुर, सिमरा, भरतपुर, भैरहवा (गौतमबुद्ध विमानस्थल), जोमसोम, मेघौली, जुम्ला, सुर्खेत र धनगढी विमानस्थलहरूमा प्रति महिना प्रति बर्गमिटर तीन सय रूपैयाँका दरले ।

५. अन्य विमानस्थलहरूमा प्रति महिना प्रति बर्गमिटर दुई सय रूपैयाँका दरले ।

#६. खण्ड १ र २ मा लेखिए बाहेकको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रभित्रको अन्य कुनै भवन वा भवनको कुनै भाग वा कोठामा प्रति महिना प्रति वर्ग मिटर पाँचसय पचास रुपैयाँका दरले ।

---

ϖ तेश्रो संशोधनद्वारा संशोधित ।

# चौथो संशोधनद्वारा थप ।

♣अनुसूची-६क.
(नियम १३ संग सम्बन्धित)

जग्गा बहाल

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल :

(१) नागरिक उड्डयन, पर्यटन वा व्यापारिक प्रयोजनको लागि प्रतिवर्ष प्रति स्क्वायर मिटरको तीन सय रूपैयाँको दरमा नघट्ने गरी बढाबढ प्रक्रियाद्वारा निर्धारित दरमा ।

तर ह्याङ्गर निर्माणको लागि प्रति महिना प्रति वर्गमिटर एक सय पचहत्तर रूपैयाका दरले ।

(२) कृषि प्रयोजनको लागि प्रति रोपनी प्रति वर्ष पाँच सय रूपैयाँका दरले ।

(३) गल्फ कोर्ष तथा अन्य खेलकूदको लागि प्रति रोपनी प्रति वर्ष ϖएक हजार दुई सय रूपैयाँका दरले ।

२. अन्य विमानस्थलमा :

(१) नागरिक उड्डयन, पर्यटन वा व्यापारिक प्रयोजनको लागि प्रतिवर्ष प्रति स्क्वायर मिटरको एक सय पचास रूपैयाँको दरमा नघट्ने गरी बढाबढ प्रक्रियाद्वारा निर्धारित दरमा ।

तर ह्याङ्गर निर्माणको लागि प्रति महिना प्रति वर्गमिटर एक सय रूपैयाको दरले ।

(२) कृषि प्रयोजनको लागि प्रति रोपनी प्रति वर्ष दुई सय पचास रूपैयाँका दरले ।

(३) गल्फ कोर्ष तथा अन्य खेलकूदको लागि प्रति रोपनी प्रति वर्ष दुई सय पचास रूपैयाँका दरले ।

द्रष्टव्य : यात्रु सेवा सुविधा र पर्यटन विकास प्रवर्द्धन कार्यको निमित्त लामो समयको लागि प्रतिस्पर्धाको माध्यमबाट जग्गा बहालमा दिन सकिने छ । यसरी जग्गा बहाल दिंदा निर्माण भएको संरचना सम्झौताको अवधि पश्चात स्वतः नेपाल सरकारको हुने गरी विमानस्थलको जग्गामा निर्माण कार्य गर्न दिइनेछ ।

---

♣ दोश्रो संशोधनारा थप ।

ϖ तेश्रो संशोधनद्वारा संशोधित ।

[ϖ]अनुसूची-७
(नियम १५ संग सम्बन्धित)

विज्ञापन दस्तूर

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

(१) अन्तर्राष्ट्रिय टर्मिनल भवनभित्र प्रतिमहिना प्रति वर्गमिटर एक हजार पाँच सय रूपैयाँका दरले ।

(२) आन्तरिक टर्मिनल भवनभित्र प्रतिमहिना प्रति वर्गमिटर एक हजार पचास रूपैयाँका दरले ।

(३) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रतिमहिना प्रति वर्गमिटर पाँच सय रूपैयाँका दरले ।

(४) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र कुनै किसिमको व्यानर, प्लेकार्ड आदि अस्थायी रूपमा राख्न प्रतिदिन प्रति वर्गमिटर तीन सय रूपैयाँका दरले ।

२. अन्य विमानस्थलहरूमा :

(१) पोखरा विराटनगर, भैरहवा (गौतमबुद्ध विमानस्थल), नेपालगंज, लुक्ला तथा जोमसोम विमानस्थलमा टर्मिनल भवनभित्र प्रतिमहिना प्रति वर्गमिटर तीन सय रूपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रतिमहिना प्रति वर्गमिटर एक सय पचास रूपैयाँका दरले ।

(२) उपखण्ड (१) बाहेकका अन्य विमानस्थलको टर्मिनल भवनभित्र प्रतिमहिना प्रति बर्गमिटर दुई सय रूपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रतिमहिना प्रति बर्गमिटर एक सय पच्चीस रूपैयाँका दरले ।

द्रष्टव्य : धुम्रपान, सूर्ति, पानपराग, मदिरा सम्बन्धी विज्ञापनको हकमा माथि उल्लेखित दरमा पचास प्रतिशत थप दस्तूर लाग्ने छ ।

---

[ϖ] तेश्रो संशोधनद्वारा संशोधित ।

## ♣अनुसूची-८

(नियम १५क. को उपनियम (१) संग सम्बन्धित)

विविध दस्तूर

१. यात्रु सेवा सुविधा दस्तूर : यात्रु सेवा सुविधाको लागि विमानस्थलमा आवश्यक बन्दोबस्त गरे वापत दुई वर्षको उमेर नाघेका प्रत्येक यात्रुसंग देहाय बमोजिमको दरमा यात्रु सेवा दस्तूर लिइनेछ :-

| (क) अन्तर्राष्ट्रिय उडानको विमानस्थलमा : | यात्रु सेवा दस्तूर दर प्रति यात्रु | |
|---|---|---|
| | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | अन्य विमानस्थल |
| (१) सार्क मुलुकको लागि उडान गर्ने यात्रुसंग | रू. ७००।- | रू ५००।- |
| (२) सार्क मुलुक बाहेक अन्यसंग मुलुकमा यात्रा गर्ने यात्रुसंग | रू. १,०००।- | रू. ७५०।- |
| (ख) आन्तरिक उडानका विमानस्थलमा : | | |
| (१) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा, भद्रपुर, विराटनगर, सिमरा, भैरहवा (गौतमबुद्ध विमानस्थल) नेपालगंज, लुक्ला, जोमसोम र मेघौली विमानस्थलबाट उडान गर्ने यात्रुलाई | | रू. १५०।- |
| (२) राजविराज, जनकपुर, भरतपुर, टिकापुर, दाङ्ग, सुर्खेत, धनगढी र महेन्द्रनगर विमानस्थलबाट उडान गर्ने यात्रुसंग | | रू. १२५।- |
| (३) उपखण्ड १ र २ बाहेकका अन्य विमानस्थलबाट उडान गर्ने यात्रुसंग | | रू. ५०।- |

(ग) [υ] .....

२. सुरक्षा सेवा दस्तूर : अनुसूची-१ मा उल्लिखित अवतरण दस्तूरको दश प्रतिशतका दरले सुरक्षा दस्तूर लाग्नेछ ।

[ϖ]३. अग्नि निवारण तथा जीवनोद्धार सेवा दस्तूर :

(१) रन्वे फोमिङ्ग बापत देहाय बमोजिमको दस्तूर लाग्नेछ :-

| वायुयानको तौल | दस्तूर |
|---|---|
| दश हजार किलोग्राम सम्मको वायुयानको लागि | प्रति हजार किलोग्रामको- अमेरिकी डलर एक सय वा सो बराबरको नेपालीरुपैयाँका दरले । |
| दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्मको वायुयानको लागि | पहिलो दश हजार किलोग्रामको- अमेरिकी डलर एक हजार त्यसपछि प्रति हजार किलोग्रामको अमेरिकी डलर पचास वा सो बराबरको नेपाली रुपैयाँका दरले । |
| पच्चीस हजार किलोग्रामभन्दा बढीको वायुयानको लागि | पहिलो पच्चीस हजार किलोग्रामको - अमेरिकी डलर एक हजार सातसय र त्यसपछि प्रति हजार किलोग्रामको - अमेरिकी डलर पन्ध्र वा सो बराबरको नेपाली रुपैयाँका दरले । |

---

♣ दोश्रो संशोधनद्वारा थप ।

υ तेश्रो संशोधनद्वारा खारेज ।

ϖ तेश्रो संशोधनद्वारा संशोधित ।

## ♣अनुसूची-९
(नियम १५क. को उपनियम (२) संग सम्बन्धित)

## विविध दस्तूर

१. क्याटरिङ्ग सेवा उपलब्ध गराए वापत बील रकमको ϖपाँच प्रतिशतले हुने रकम ।

२. यात्रु परिवहन सेवा सञ्चालन गराए वापत बील रकमको पन्ध्र प्रतिशतले हुने रकम ।

३. विद्युत सेवा दस्तूर :

(क) सवमिटर जडान भएकोमा नेपाल विद्युत प्राधिकरणले लिने प्रति यूनिट इनर्जी शुल्कको अधिकतम दरमा पचास प्रतिशत सेवा शुल्क थप गरी सवमिटरले देखाए अनुसार खपत यूनिटको दरले ।

(ख) सवमिटर जडान भएकोमा नेपाल विद्युत प्राधिकरणले लिने मासिक इनर्जी बील रकमलाई विमानस्थल भवनको क्षेत्रफलले भाग गरी भाडामा लिएको क्षेत्रफल (रेण्टेड एरिया) ले गुणन गर्दा आउने अङ्कमा पचास प्रतिशत सेवा शुल्क थप गरी हुन आउने रकम ।

४. टेलिफोन सेवा शुल्क :

(क) दूर सन्चार संस्थानबाट लिइएका डाइरेक्ट लिज लाईनको लागि कार्यालयको केबुल तथा सर्भिस उपलब्ध वापत केबुल सर्भिस चार्ज प्रति लाईन प्रतिमहिना तीन सय रूपैयाँ लाग्ने छ ।

(ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको पी.ए.बी.एक्स. लाईन प्रयोग गरे वापत देहाय बमोजिमको दस्तूर लाग्नेछ :-

(१) मिटर जडान नभएकोमा इन्टरकम तथा लोकल कलको लागि प्रतिमहिना पाँच सय रूपैयाँ ।

(२) मिटर जडान भएकोमा नेपाल दूर सञ्चार संस्थानले लिइने टेलिफोन महशूलमा पच्चीस प्रतिशत सेवा दस्तूर थप गरी हुन आउने रकम कुल संख्याको आधारमा इन्टरकम सुविधा प्रयोग गरे देहाय बमोजिमको मासिक एक सय पचास रूपैयाँ ।

(ग) ϖ …………लाईन कम्युनिकेशन गर्न गराउन चाहने व्यक्तिले सम्बन्धित विमानस्थलको अनुमति लिनु पर्नेछ । अनुमति लिई सेवा उपलब्ध गराउँदा त्यस्तो संस्थाले सम्बन्धित उपभोक्तासँग लिने रकमको पन्ध्र प्रतिशतले हुन आउने दस्तूर सम्बन्धित विमानस्थललाई बुझाउनु पर्नेछ ।

---

♣ दोश्रो संशोधनद्वारा थप ।

ϖ तेश्रो संशोधनद्वारा संशोधित ।